नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ग्रामिण विकास समन्वय शाखा)
सिंहदरबार, काठमाडौं

फोन: ४२००५११, ४२००३०४
इमेल: lbss_mid@yahoo.com

पत्र संख्या:- ७३ ९०

चलानी नं.:- २०७३।०७४

मिति:- २०७४।०१।२४

विषय:- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
सबै, (७५ वटै)।

संवैधानिक व्यवस्थानुसार नयाँ स्थानीय तह कियाशिल रहेको व्यहोरा अवगतै छ । नयाँ संवैधानिक व्यवस्था अनुसार साविकका जिल्ला विकास समितिहरू जिल्ला समन्वय समितिमा परिणत भएको र नयाँ परिवेशमा जिल्ला समन्वय समितिको भूमिका तथा कार्यक्षेत्र परिवर्तन भएको सन्दर्भमा साविक जिल्ला विकास समितिमा रहेको चल-अचल सम्पत्ति व्यवस्थापन, अभिलेख व्यवस्थापन तथा चालु आ.व.मा कार्यक्रम सञ्चालन सम्बन्धमा देहायनुसार गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।०१।२४ को निर्णयानुसार अनुरोध छ ।

तपशिल:

१. चालु आ.ब. का लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार सञ्चालनमा रहेका कार्यक्रम बाहेक यस आ.ब.मा कुनै पनि नयाँ कार्यक्रम सञ्चालन नगर्ने ।
२. यस आ.ब.मा थप सवारी साधन खरिद नगर्ने तथा मर्मत संभारका लागि बार्षिक विनियोजित बजेटका अतिरिक्त कुनैपनि रकम मर्मत संभारमा खर्च नगर्ने ।
३. आन्तरिक स्रोतको रकमबाट स्वीकृत बार्षिक कार्यक्रममा विनियोजन भए बाहेक अन्य प्रयोजनमा आन्तरिक स्रोतको रकम खर्च नगर्ने ।
४. जिल्ला समन्वय समितिमा रहको जिन्सी तथा अन्य सम्पत्तिको अभिलेख दुरुस्त बनाई राख्ने तथा चल-अचल सम्पत्तिको विवरण १५ दिन भित्र मन्त्रालयमा पठाउने ।
५. जिल्ला समन्वय समितिको नाममा वा संरक्षणमा रहेको चल अचल सम्पत्ति कुनै पनि किसिमले कुनै पनि निकायलाई हस्तान्तरण नगर्ने ।
६. जिल्ला समन्वय समितिमा रहेका विभिन्न कोषहरू जस्तैः स्थानीय निकाय विविध कोष खाता, कर्मचारी कल्याण कोष, मर्मत संभार कोष खाता, स्था-वि-घुम्ती कोष खाता, प्रकोप व्यवस्थापन कोष खाता, मानव संसाधन वि-कोष खाता, वातावरण विकास कोष खाता, गरिवी नि-तथा सा-प-कोष खाता, महिला तथा बाल वि. कोष खाता, स्था-वि-कोष कार्यक्रम सं-खाता तथा चालु आ.ब.मा योजना र कर्मचारी संचालन गरी भुक्तानी भएको बाहेकका सबै रकमहरू खर्च नगरी कोषमा राख्ने ।

बोधार्थ:

श्री सूचना तथा विद्युतीय शासन शाखा:- उपर्युक्त पत्र मन्त्रालयको Website मा upload गरिदिनु हुन अनुरोध छ।

(मुक्तिनाथ सुवेदी)
शाखा अधिकृत